१९०९) 620

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४२/२०७१/०७२
निर्णय नं. ७२०

महोत्तरी जिल्ला वनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर बस्ने शारदा भुषाल झा ...१ निवेदक

विरूद्ध

प्रमुख, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार काठमाडौं ......................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

महोत्तरी जिल्ला वनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर बस्ने शारदा भुषाल झाले श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०७।२६ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।१२।२३ को पत्रबाट निज पुनरावेदकलाई श्रम तथा रोजगार मन्त्रालयबाट मिति २०७१।०८।२१ को पत्रमा उल्लेख भए अनुसार गर्न लेखी पठाएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेको बखत कारवाही प्रक्रिया अगाडी बढाउन सकिने नै हुदाँ हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बास्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्